# डोट्याली भाषाका विभक्तिको पहिचान र वर्गीकरण

**खगेन्द्र जोशी**
उपप्राध्यापक, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
Email: khj.joshi@gmail.com
DOI: https://doi.org/10.3126/jdl.v3i1.73857

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेख डोट्याली भाषाका विभक्तिको अध्ययनमा केन्द्रित छ । यस लेखमा डोट्याली भाषाका विभक्तिहरूको पहिचान गरी तिनलाई विभिन्न आधारमा वर्गीकरण गर्ने काम गरिएको छ । संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै विकसित भएर कालीकर्णाली बिचको भूखण्डमा भाषिक व्यवहारमा प्रयुक्त भाषिक भेदहरूको समुच्चयलाई डोट्याली भाषाका रूपमा चिनिन्छ र तिनै भाषिक भेदहरूमा कारकीय सम्बन्ध दर्साउनका लागि नामिक पदका पछाडि जोडिएर प्रत्ययवत प्रयोग हुने विभक्तिको अध्ययनमा यो लेख केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको छ । अध्ययनका लागि आवश्यक आधार सामग्री क्षेत्रकार्यबाट र सिद्धान्तसम्बद्ध सामग्री पुस्तकालयीय अध्ययनकार्यबाट सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै निष्कर्ष निकाल्ने र नियम प्रतिपादन गर्ने काम गरिएकाले सामग्रीको विश्लेषण गर्न आगमन विधिको उपयोग गरिएको छ । सामान्यतया मानकीकरण तथा स्तरीकरण हुन नसकेकाले हालसम्म पनि डोट्याली भाषाले स्पष्ट स्वरूप ग्रहण गर्न सकेको छैन तर डोटी क्षेत्रमा बोलिने भाषिक भेदहरूका बिचमा एक किसिमको साझा विशेषता पाइन्छ जुन अन्य भाषाको भन्दा भिन्न देखिन्छ । यसरी डोट्याली भाषाको आफ्नै मौलिक व्याकरणव्यवस्था रहेको हुनाले यस भाषामा अन्य व्याकरणिक तत्त्व जस्तै विभक्तिहरू पनि मौलिक प्रकृतिका छन् । प्रस्तुत अध्ययनमा डोट्याली भाषाका तिनै मौलिक प्रकृतिका विभक्तिहरूको स्वरूप पहिचान गरी तिनको सङ्ख्या निर्धारण गर्ने र तिनलाई वर्गीकरण गर्ने कार्यलाई केन्द्रीय अभीष्ट बनाइएको छ ।

***शब्दकुन्जी* :** कारक, प्रत्यय, नामिक पद, क्रियापद

## परिचय

### विषय प्रवेश

प्रस्तुत अध्ययनपत्र डोट्याली भाषाका विभक्तिको अध्ययनमा केन्द्रित हुनाले सर्वप्रथम डोट्याली भाषाको रूपरेखा र विभक्तिको परिचयबाटै विषयवस्तुको उठान गर्नु वाञ्छनीय हुन्छ । डोटी क्षेत्रमा विविध भाषिक भेदहरू कथ्य प्रयोगमा रहेका देखिन्छन् र तिनको सामूहिक रूपलाई नै डोट्याली भाषा भनेर चिन्ने

गरिन्छ । सामान्यतया प्राचीन डोटी राज्यको सीमाभित्र पर्ने भूगोललाई आधार मानेर त्यस क्षेत्रमा भाषिक व्यवहारमा प्रयुक्त प्राचीन आर्यभाषा संस्कृतबाट विकसित भएका आधुनिक आर्यभाषाका विविध भाषिक भेदको समुच्चयलाई नै डोट्याली भाषा भनेर चिन्ने गरिन्छ ।

इसाको एघारौँ शताब्दीतिर डोट्याली भाषाको विकास हुन पुगेको हो । खस अपभ्रंशबाट पश्चिमी पहाडी, मध्य पहाडी र पूर्वी पहाडी गरी तीन ओटा पहाडी भाषाको विकास भएको देखिन्छ (गौतम, २०६७, पृ.३४३) । पश्चिमी पहाडीअन्तर्गत सिरमोर, जोक्सार र चम्बाली भाषाहरू पर्दछन् । मध्य पहाडीअन्तर्गत कुमाउनी र गढवाली पर्दछन् । त्यस्तै गरी पूर्वी पहाडी शाखाअन्तर्गत डोट्याली र नेपाली पर्दछन् । पूर्वी पहाडी शाखाको पूर्वी उपशाखाबाट नेपाली भाषा जन्मियो भने पश्चिमी उपशाखाबाट डोट्याली भाषाको विकास हुन गएको देखिन्छ । डोट्याली भाषाको प्रमुख प्रयोग क्षेत्र काली र कर्णालीका बिचको भूखण्ड हो (जोशी, २०६८, पृ.४१) ।

डोट्याली भाषाको आफ्नै मौलिक भाषिक व्यवस्था छन् र यसका आफ्नै मौलिक व्याकरणिक तत्त्वहरू छन् जसमा विभक्ति पनि एक हो । योगात्मक प्रकृतिका विभक्तिका भाषामा विभक्तिको विशेष महत्त्व रहेको हुन्छ । यस्ता भाषामा विभक्तिहरूले वाक्यात्मक संरचनाभित्र आएर वाक्यीय घटकहरूको कार्य विभाजन गरी व्याकरणिक कार्य सम्पादन गर्दछन् । डोट्याली भाषा पनि विभक्तिका भाषा हुनाले यसमा पनि विभक्तिको विशेष महत्त्व रहेको छ ।

सामान्यतया विभक्ति भन्नाले शब्दको विभाजक प्रत्ययलाई बुझाउँछ । यसले वाक्यमा प्रयोगमा आएका शब्दहरूमध्ये एक शब्दबाट अर्को शब्दलाई अलग्याउन अथवा अन्य शब्दहरूका बिचको आपसी सम्बन्ध दर्साउन मद्दत गर्छ (अधिकारी, २०६७, पृ.२५४) । वाक्यमा प्रयुक्त नामिक पदमा लाग्ने विभक्तिहरूलाई कारक व्यक्त गर्ने चिन्हक मानिन्छ । विभक्तिलाई यसरी परिभाषित गर्न सकिन्छ : नामिक पदका पछाडि आएर विभिन्न कारक बुझाउने चिन्हकलाई विभक्ति भनिन्छ (शर्मा, २०५९, पृ.२२७) ।

विभक्तिका बारेमा परम्परागत व्याकरणमा र आधुनिक भाषाविज्ञान दुबैमा व्यापक चर्चा गरिएको छ । त्यसैले विभक्तिका बारेमा परम्परागत र भाषाशास्त्रीय गरी दुई किसिमका धारणा पाउन सकिन्छ । यहाँ यी दुबै धारणाबारे सङ्क्षेपमा चर्चा गरिएको छ ।

विभक्तिसम्बन्धी परम्परागत धारणा भन्नाले संस्कृत व्याकरणको धारणालाई बुझिन्छ । संस्कृत व्याकरण परम्परामा विभक्तिका बारेमा पाणिनिको अष्ठाध्यायीमा चर्चा गरिएकको पाइन्छ । यसमा विभक्तिलाई नामिक पदका रूपायक प्रत्ययका रूपमा लिइएको छ र प्रतिपदिकको रूपमा सिद्धिका निम्ति यी विभक्तिको योग हुने कुरा उललेख छ । सूत्रबद्ध रूपमा प्रस्तुत विभक्ति विधानमा २१ विभक्ति निर्दिष्ट छन् र यनलाई प्रथमादेखि सप्तमीसम्म सात भागमा बाँडिएको छ । यी विभक्तिको क्रियासँगको प्रत्यक्ष वा अप्रत्यक्ष समबन्ध तथा कारकीय कार्यव्यापारलाई आधार मानी ती सात प्रकारका विभक्तिलाई पनि कारकीय र शेष गरी दई भागमा बाँडिएको छ (पनेरु, २०४०, पृ.१८) ।

संस्कृत व्याकरण परम्परामा पाणिनिपछि विभक्तिका बारेमा चर्चा चलाउने अर्का विद्वान् भट्टोजी दीक्षित हुन् । उनले ‘सिद्धान्त कौमदी’ मा विभक्तिको प्रायोगिक पक्षबारे प्रकाश पारेका छन् । भट्टोजी

दीक्षितले विभक्तिलाई आर्थिक आधारमा केलाउन खोजेका छन् । उनले विभक्तिलाई कारकीय, सम्बन्धी र उपपदी गरी तीन भागमा बाँडेका छन् । उनका अनुसार क्रियासँग कर्तृत्व वा कर्मत्वको सम्बन्ध विशेषलाई व्यक्त गर्ने विभक्ति कारकीय विभक्ति हो । क्रिया भिन्न सहसम्बन्ध बोध गर्ने विभक्ति सम्बन्धी विभक्ति हो । नजिकका पदसँग सम्बन्ध राख्ने उपपदी विभक्ति हो (पनेरु, २०४०, पृ.१९) ।

बिसौं शताब्दीको सुरुवातसँगै भाषिक अध्ययनका क्षेत्रमा नवीन मूल्य र मान्यताहरू देखा परे । फर्डिनान्ड डी. सस्युरद्वारा प्रतिपादित भाषासम्बन्धी नवीन दृष्टिकोणको फलस्वरूप भाषिक अध्ययनले भाषाविज्ञानको रूप ग्रहण गऱ्यो । पूर्व र पश्चिममा त्यसअघि प्रचलनमा रहेका भाषासम्बन्धी कतिपय मान्यताहरू गलत सिद्ध भए र तिनका स्थानमा नयाँ मान्यताहरू स्थापित भए । कुनै पनि भाषिक एकाइले वाक्यात्मक संरचनामा गर्ने कार्यव्यापारका आधारमा त्यसको अध्ययन गर्ने परम्पराको थालनी भयो । भाषाका भिन्नभिन्न संरचनाकात्मक एकाइको अध्ययनका लागि ध्वनिविज्ञान, वर्णविज्ञान, रूपविज्ञान, वाक्यविज्ञानजस्ता भाषाविज्ञानका भिन्नभिन्न शाखाहरूको स्थापना हुन  पुग्यो ।

आधुनिक भाषाविज्ञानमा वाक्यविज्ञानअन्तर्गत विभक्तिको अध्ययन गरिन्छ । यसमा विभक्तिलाई नामिक पदको रूपायन गर्ने र तिनलाई एकापसमा जोड्ने व्याकरणात्मक कोटिका रूपमा हेरिन्छ । विभक्तिले वाक्यमा प्रयुक्त शब्दहरूका बिचको आपसी सम्बन्ध दर्साउन मद्दत गर्दछ (अधिकारी, २०६८, पृ.२५४) ।

आधुनिक भाषाविज्ञानले वाक्यमा प्रयुक्त विभिन्न पदहरूलाई तिनको वाक्यात्मक कार्यव्यापारका आधारमा नामिक पद, क्रिया पद र अव्यय गरी तीन भागमा बाँडेको पाइन्छ । नामिक पद अन्तर्गत नाम, सर्वनाम र विशेषण पर्दछन् । यिनले वाक्यमा कर्ता, कर्म र पूरकको कार्य गर्दछन् । क्रियापद वाक्यको केन्द्रीय विशेष पद हो । यो लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य र यताका आधारमा रूपायित हुन्छ । यसले वाक्यमा कर्ता, कर्म आदि ग्रहण गर्दछ । उपर्युक्त दुई प्रकारका पदहरू बाहेकका नामयोगी, क्रियायोगी, संयोजक, निपात, विस्मयादिबोधक आदि पदहरू अव्ययअन्तर्गत पर्दछन् । यसरी वाक्यमा प्रयुक्त शब्दलाई तीन वर्गमा वर्गीकरण गरिसकेपछि विभक्तिहरू कुन वर्गमा पर्दछन् भन्ने कुरा निर्धारण गर्नु पनि आवश्यक हुन्छ । यहाँ विचारणीय कुरा के छ भने कतिपय विद्वान्हरूले विभक्तिलाई स्वतन्त्र शब्दका रूपमा नलिएर रूपायक प्रत्ययका रूपमा लिने गरेको पाइन्छ । त्यसैले सबभन्दा पहिले विभक्तिलाई  शब्द मान्ने कि रूपायक प्रत्यय मान्ने भन्ने कुराको निक्यौल गर्नु जरुरी हुन्छ ।

परम्परागत रूपमा शब्दलाई एउटै अर्थ भएको वा सिङ्गो विचार व्यक्त गर्ने एकाइका रूपमा परिभाषित गरिएको पाइन्छ तर शब्दका पहिचान गर्दा अन्य पक्षलाई पनि ध्यान दिइनुपर्छ । संरचनात्मक भाषावैज्ञानिक ब्लुम फिल्डले वाक्यलाई न्यूनतम स्वतन्त्र स्वरूप मानेका छन् । शब्द चाहिँ वाक्यको संरचकका रूपमा रहने व्याकरणात्मक एकाइ  हो । शब्दकोशमा पनि शब्दको स्वतन्त्र सत्ता स्वीकार गरेर नै प्रविष्टि दिइन्छ । शब्दको पहिचान गर्ने आधार त्यसको वाक्यात्मक प्रयोग हो । प्रायः गरी अधिकांश भाषामा वाक्यात्मक संरचनामा शब्द छुट्टाछुट्टै उच्चारण हुन्छन् र लेखिन्छन् ।  शब्द वाक्यमा स्वतन्त्र रूपमा प्रयोग हुन सक्छ । एउटा शब्दभित्र एक वा अनेक रूप हुन सक्छन् । स्वतन्त्र रूपमा वाक्यमा प्रयोग हुन सक्ने रूप

मुक्त रूप हो जो आफैमा शब्द पनि हो। स्वतन्त्र रूपमा वाक्यमा प्रयोग हुन नसक्ने रूप बद्ध रूप हो जो आफैमा शब्द होइन (ढकाल, २०७०, पृ.१०६)।

उपर्यक्त पक्षहरूलाई आधार मानेर अध्ययन गर्दा विभक्तिलाई शब्द नमानी प्रत्यय मान्नु पर्ने हुन्छ। यहाँनेर ध्यान दिनुपर्ने कुरा के छ भने विभक्तिहरू प्रत्यय भएर पनि कृत तथा तद्धित व्युत्पादक प्रत्यय र क्रियाको काल पक्ष आदि जनाउने रूपायक प्रत्यय जस्ता पूर्णबद्ध भने होइनन्। यी नामिक पद तथा नामिक पदको कार्य गर्ने असमापिका क्रियासँग जोडिएर कारकीय अभिव्यक्ति दिन्छन्। नामिक पदको वाक्यका अन्य पदहरूसँगको सम्बन्ध जोड्न आएका बाहिरी चिन्हहरू विभक्ति हुन् (न्यौपाने र न्यौपाने, २०६३, पृ.१९)। यसकारण विभक्तिलाई आफ्नो स्वतन्त्र अर्थ नभएका अन्य (व्युत्पादक तथा रूपायक) प्रत्ययजस्तै नयाँ शब्द वा नयाँ रूपको निर्माणमा प्रयुक्त हुने पूर्ण बद्ध एकाइका रूपमा नहेरेर स्वतन्त्र अर्थयुक्त नामिक पदसँग जोडिएर एउटा पदको अर्को पदसँगको सम्बन्धलाई प्रकट गर्ने एकाइका रूपमा लिनु उपयुक्त हुन्छ।

डोट्याली भाषामा विभक्तिले नामिक पदको रूपायन गरी कारकीय अभिव्यक्ति दिने व्याकरणात्मक तत्त्वका रूपमा काम गर्छ। यसरी डोट्याली भाषामा एक महत्त्वपूर्ण व्याकरणात्मक तत्त्वका रूपमा रहेको विभक्तिको विवेचनात्मक अध्ययनमा नै प्रस्तुत अनुसन्धानात्मक लेख केन्द्रित छ।

व्याकरणका विभिन्न पक्षमध्ये विभक्ति पनि एक हो। प्रस्तुत अध्ययन डोट्याली भाषामा प्रयोगमा आउने विभक्तिहरूको अध्ययन गर्ने, तिनको सङ्ख्या निर्धारण गर्ने, कुन विभक्तिका लागि कुन चिन्ह (प्रत्यय) प्रयोग हुन्छ भनी पहिचान गर्ने र तिनको वर्गीकरण गर्ने उद्देश्यमा केन्द्रित रहेकोछ।

## पूर्वकार्यको अध्ययन

डोट्याली भाषाका विशिष्टताको अध्ययन गरी यसको मौलिक तथा आधिकारिक व्याकरण लेख्ने उद्देश्यले गहन अध्ययन हुन सकेको छैन। यस क्षेत्रका डोट्याली भाषाप्रति समर्पित केही विद्वान्हरूद्वारा प्रकीर्ण भाषिक अध्ययन तथा व्याकरण लेखनका केही प्रयास भने भएका छन्। जसलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

महादेव अवस्थीले (२०४०)ले *बैतडेली नेपाली भाषिकाको अधिकरण कारकका भेद र तिनका प्रत्यय* बारे एउटा लेख लेखेका छन्। बैतडेली भाषिका डोट्याली भाषाकै एउटा भाषिका रहेको र लेखमा बैतडेली भाषिकामा अधिकरण कारकबारे अध्ययन गरिएकाले यस अध्ययनका लागि उक्त लेख कोसेढुङ्गा नै सावित भएको छ।

नेत्रप्रसाद पनेरू (२०४०)ले *डडेल्धुरेली भाषिकाका विभक्ति*का बारेमा अध्ययन गरेका छन्। यस अध्ययनमा डडेल्धुरेली भाषिकामा प्रयोग हुने विभक्तिहरूलाई चिनाए पनि डोट्याली भाषाका अन्य भाषिक भेदमा प्रयोगमा आउने विभक्तिका बारेमा थप अध्ययनको आवश्यकता रहेको देखिन्छ।

आर. डी. प्रभास चटौत (२०५८)ले डोट्याली भाषाका शब्दहरू सङ्कलन गरी *डोट्याली बृहत् शब्दकोश* तयार पार्ने क्रममा सात जिल्लाबाट शब्द सङ्कलन गरेर कोश निर्माण गरेका छन् । यस कोशमा डोट्याली भाषाका केही विभक्तिको प्रविष्टि पाइन्छ ।

देवराज भट्ट शर्मा (२०६१)ले *डोट्याली मूलभाषाको विवेचन अर्थात् पहाडी व्याकरण* मा ध्वनि विवेचन, शब्द विवेचन, पद विवेचन, वाक्य विवेचन, अर्थ विवेचन गरी भाषाका विभिन्न पक्षमाथि प्रकाश पार्दै पद विवेचनअन्तर्गत कारकका बारेमा चर्चा गर्ने क्रममा कारक चिनाउन प्रयोग हुने परसर्गको उल्लेख गरेका छन् ।  यसमा विभक्तिका बारेमा भने चर्चा हुन सकेको छैन ।

श्रीधर पन्त (२०६८)ले *डोट्याली भाषाको व्याकरण* मा डोट्याली भाषाका स्वरवर्ण, व्यञ्जनवर्ण, शब्दवर्ग, शब्दनिर्माण प्रक्रिया तथा वाक्यका प्रकारबारे चर्चा गरेका छन् । नेपाली भाषाको व्याकरण व्यवस्थाबाट प्रभावित यस व्याकरणात्मक पुस्तकमा पनि विभक्तिबारे चर्चा गरिएको छैन ।

खगेन्द्र जोशी (२०६८)ले *डोट्याली भाषाको अवस्था : मानकीकरणको आवश्यकता* शीर्षकको लेखमा डोट्याली भाषाका वर्ण, व्याकरण, अर्थ आदि सबै तहबारे चर्चा गर्ने क्रममा विभक्तिका बारेमा पनि सङ्क्षेपमा उल्लेख गरेका छन् ।

खगेन्द्र जोशी (२०६८)ले *नेपाली र डोट्यालीको तुलनात्मक अध्ययन* शीर्षकको लेखमा डोट्याली भाषा नेपालीभन्दा पृथक रहेको कुरा उल्लेख गर्दै डोट्याली भाषाको आफ्नो छुट्टै व्याकरण व्यवस्था रहेको तथ्य अघि सार्ने काम गरिएका छन् ।

यसरी हालसम्म डोट्याली भाषाका अन्य पक्षको अध्ययन गर्ने क्रममा प्रकीर्ण रूपमा विभक्तिको प्रसङ्ग आए पनि गहन अध्ययन हुन सकेको देखिँदैन । प्रत्येक भाषाका आफ्नै किसिमका मौलिक विशेषताहरू रहेका हुन्छन् । भाषाको वर्णनात्मक अध्ययन गरी ती मौलिक विशेषताहरूको पहिचान गरेर त्यसैका आधारमा डोट्याली भाषाको व्याकरण लेख्ने काम हुन सकेको छैन । डोट्याली भाषाका विभक्तिसम्बन्धी यस अध्ययनले यस भाषाका मौलिकताका आधारमा विभक्तिहरूको पहिचान त गर्ने नै छ साथै डोट्याली भाषाको वर्णनात्मक व्याकरण लेखनका लागि पनि आधार तयार पार्ने हुनाले यो अध्ययन सान्दर्भिक देखिन्छ ।

**सैद्धान्तिक पर्याधार**

प्रस्तुत अनुसन्धानात्मक लेखमा डोट्याली भाषाका विभक्तिको पहिचान गर्न, तिनको सङ्ख्या निर्धारण गर्न र तिनलाई वर्गीकरण गर्न विभक्तिसम्बन्धी परम्परागत तथा आधुनिक भाषावैज्ञानिक अवधारणालाई मुख्य आधार बनाइएको छ । विभक्तिहरू खास गरी वाक्यमा प्रयुक्त नामिक पदको क्रियापदसँगको कारकीय सम्बन्धको अभिव्यक्ति दिन तथा भेद्य र भेदक बिचको सम्बन्ध स्थापित गर्न प्रयोग गरिने प्रत्यय हुनाले विभक्तिको पहिचान गर्दा नामिक पद र क्रियापदका बिचको कारकीय सम्बन्ध तथा भेदक र भेद्य बिचको सम्बन्धलाई अध्ययनको आधार बनाउनुपर्ने हुन्छ । यहाँ कारक तथा सम्बन्ध तत्त्वको आधारमा नै डोट्याली भाषाका विभक्तिको पहिचान गर्न खोजिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको अध्ययन हो । यसमा डोट्याली भाषाका विभक्तिको अध्ययन गरिएको छ । अध्ययनका लागि आवश्यक सामग्री सङ्कलन गर्न आवश्यकताअनुसार क्षेत्रकार्य तथा पुस्तकालयीय अध्ययनकार्य अवलम्बन गरी प्राथमिक तथा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । डोट्याली भाषाका विभक्तिको अध्ययनसँग सम्बद्ध आवश्यक सामग्री सङ्कलनार्थ सोद्देश्यमूलक नमुना छनोट प्रविधिबाट डोट्याली भाषाका मूल वक्तालाई सूचकका रूपमा चयन गरी तिनैबाट प्रश्नावलीको प्रयोग गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ । त्यस्तैगरी विभक्तिसम्बद्ध सैद्धान्तिक पक्षको अध्ययनका लागि विभक्तिबारे चर्चा गरिएका परम्परागत व्याकरणका पुस्तक तथा आधुनिक भाषाविज्ञानका पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा उपयोग गर्दै सामग्री सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै व्याख्याविश्लेषण गरी निष्कर्ष निकाल्ने र नियम प्रतिपादन गर्ने काम गरिएकाले सामग्रीको विश्लेषण गर्न आगमन विधिको उपयोग गरिएको छ ।

## छलफल तथा विश्लेषण

### डोट्याली भाषामा प्रयोग हुने विभक्तिहरू

वाक्यमा प्रयुक्त नामिक पदको क्रियापदसँगको कारकीय सम्बन्धको अभिव्यक्ति दिन तथा भेद्य र भेदक बिचको सम्बन्ध स्थापित गर्न प्रयोग गरिने प्रत्यय नै विभक्ति हुनाले डोट्याली भाषाका विभक्तिको पहिचान गर्दा नामिक पद र क्रियापदका बिचको कारकीय सम्बन्ध तथा भेदक र भेद्य बिचको सम्बन्धलाई अध्ययनको आधार बनाउनु पर्ने हुन्छ । यहाँ कारक तथा सम्बन्ध तत्त्वको आधारमा नै डोट्याली भाषाका विभक्तिको पहिचान गर्न खोजिएको छ ।

### कर्ता कारक र प्रथमा विभक्ति

क्रियाको कार्य सम्पादन गर्नेलाई कर्ता कारक भनिन्छ (अधिकारी, २०६७, पृ.२५२) । कर्ता कारक वाक्यको अनिवार्य संरचक घटक हो । यसले वाक्यमा क्रियापदसँग सिधा सम्बन्ध राख्दछ । कर्ताकारकले *लिङ्ग, वचन, आदर र पुरुष* का आधारमा क्रियापदसँग प्रत्यक्ष सङ्गति जनाई तथा जसलाई कार्य सम्पादन गर्दछ । डोट्याली भाषामा काम गर्ने क्षमता भएको सक्रिय प्रेरणा दिन सक्ने व्यक्ति वा वस्तु कर्ता कारक भएर आउँछ । यस भाषामा कारकका सरल र तिर्यक् दुई रूप हुन्छन् । सरल कारकले कुनै विभक्ति लिँदैन तर तिर्यक् कारकमा भने 'ले' विभक्ति लाग्छ । जसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ । जस्तैः

**तालिका नं. १**

| डोट्याली | नेपाली |
|---|---|
| इजा<u>ले</u> भात पकायो । | आमाले भात पकाउनु भयो । |
| गाड<u>ले</u> खेत बगायो । | खोलाले खेत बगायो । |

| | |
|---|---|
| पुइजुले आम चुण्यो । | फुपूले आँप टिप्नुभयो । |

माथि उदाहरणमा आएका वाक्यहरूमा पहिलोमा इजा, दोस्रोमा गाड र तेस्रोमा पुइजु नामिक पद र तिनका क्रियाका बिचमा सम्बन्ध स्थापित गर्न ती पदहरूमा *ले* जोडिएको छ । जसले गर्दा ती नामिक पदले नै क्रियाले भनेको कार्य व्यापार सम्पन्न गरेको भन्ने कुरा स्पष्ट हुन्छ । यसरी कर्ताको कर्तृत्वको अभिव्यक्तिका लागि कर्तासँग जोडिने हुनाले *ले* प्रत्यय प्रथमा विभक्ति हो ।

**कर्म कारक र द्वितीया विभक्ति**

कर्ताले सम्पादन गरेको कार्यबाट प्रभावित हुने नामिक पदलाई कर्मकारक भनिन्छ (अधिकारी, २०६७, पृ.२५२) । नेपाली भाषामा कर्मवाच्यमा बाहेक कर्मकारकले क्रियापदसँग सङ्गति कायम गर्दैन तर डोट्याली भाषामा भने कतिपय अवस्थामा कर्मपदका आधारमा क्रियापदको रूप निर्धारण हुने गरेको पनि पाइन्छ । डोट्याली भाषामा कर्मकारक पनि सरल र तिर्यक् गरी दुई प्रकारका पाइन्छन् । (भट्टः, २०७२, पृ.६२) । सरल कारकले कुनै विभक्ति लिँदैन् तर तिर्यक् कारकले *लाई, खि, खाइँ/थाइँ* विभक्तिको प्रयोग हुने गर्दछ । जसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ । जस्तै :

**तालिका नं. २**

| डोट्याली | नेपाली |
|---|---|
| इजाले चेलीलाई हाँण्यो । | आमाले छोरीलाई पिट्यो । |
| मैले तखि घर जा भण्याहुँ । | मैले तँलाई घर जा भनेको हुँ । |
| बुवा चेलाखाइँ पढ भणन्छत् । | बुवा छोरालाई पढ भन्छन् । |

माथिको उदाहरणमा *चेली* सँग जोडिएको *लाई, तँ सँ*ग जोडिएको *खि* र *चेला* सँग जोडिएको *खाइँ* विभक्तिले ती नामिक पदको कर्मत्वको अभिव्यक्ति दिएका छन् । त्यसैले ती द्वितीया विभक्ति हुन् ।

**करण कारक र तृतीया विभक्ति**

कर्ताले क्रियाको कार्य सम्पादन गर्दा साधनका रूपमा प्रयोग हुने वा हेतु अथवा कारण बन्ने नामिक पदलाई करण कारक भनिन्छ (अधिकारी, २०६७, पृ.२५२) । करण कारक जहिले पनि तिर्यक् कारकमा मात्र आउँछ । डोट्याली भाषामा करण कारकको अभिव्यक्तिका निम्ति *ले, बठ्यै/बठाइ* जस्ता विभक्तिको प्रयोग हुने गर्छ । जसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ । जस्तै :

**तालिका नं. ३**

| डोट्याली | नेपाली |
|---|---|
| उद्वा लट्ठीले आफ्नी स्वानी हाणन्छ । | उद्वा लट्ठीले आफ्नो स्वास्नी पिट्छ । |
| हरिले हुलाकबठ्यै चिट्ठी पठाइराइछ । | हरिले हुलाकबाट चिठ्ठी पठाएको छ । |

माथिको उदाहरणमा उद्वाले स्वास्नी पिट्दा साधनका रूपमा प्रयोग भएको *लट्ठी* शब्दमा लागेको *ले* र हरिले चिट्ठी पठाउँदा माध्यमका रूपमा प्रयोग भएको *हुलाक* शब्दमा लागेको *बठ्यै* करण कारकको अभिव्यक्तिका निम्ति प्रयोग भएकाले यी तृतीया विभक्ति हुन् ।

**सम्प्रदान कारक र चतुर्थी विभक्ति**

वाक्यमा कर्ताले क्रियाले भनेको कार्यव्यापार सम्पादन गर्दा कार्यको लक्ष्य, उद्देश्य वा प्रयोजन बन्ने वा लाभकका रूपमा आउने नामिक रूपलाई सम्प्रदान कारक भनिन्छ (अधिकारी, २०६७, पृ.२५२)। सम्प्रदान कारक पनि जहिले नि तिर्यक् रूपमा रहन्छ। डोट्याली भाषामा करण कारकको अभिव्यक्ति *कि/खि लाई, कि/खि लेखाँ/ल्या, कि/खि निम्ति/न्युति* जस्ता विभक्तिको प्रयोग हुने गर्छ। जसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ। जस्तै :

**तालिका नं. ४**

| डोट्याली | नेपाली |
|---|---|
| मैले तमकि/खि लाई तमाखु लेइराइछु। | मैले तपाईको लागि तमाखु ल्याएको छु। |
| म यै पालि जाँतकि/खि लेखाँ पहाड जान्या हुँ। | म यस पालि जाँत(जात्रा)का लागि पहाड जाने हुँ। |
| पकाउनकि/खि ल्या साग आथिन। | पकाउनका लागि तरकारी छैन। |
| जइकि/खि निम्ति इति अऱ्या उइ एकहड लाग्यो। | जसका निम्ति यति गरेँ उही एकातिर लाग्यो। |

माथि दिइएको पहिलो उदाहरणमा वाक्यमा लाभकका रूपमा रहेको *तम* नामिक पदमा जोडिएको *कि/खि लाई* दोस्रो उदाहरणमा कार्यको लक्ष्यका रूपमा रहेको *जाँत* नामिक पदमा जोडिएको *कि/खि लेखाँ,* तेस्रो उदाहरणमा उद्देश्य बनेर आएको नामिक पदको काम गर्ने *पकाउन* असमापिका क्रियामा जोडिएको *कि/खि ल्या,* चौथो उदाहरणमा कार्यको लक्ष्य बनेर आएको *जइ* नामिक पदमा जोडिएको *कि/खि निम्ति* सम्प्रदान कारकको अभिव्यक्तिका निम्ति प्रयोग भएकाले यी सबै चतुर्थी विभक्ति हुन्।

**अपादान कारक र पञ्चमी विभक्ति**

वाक्यमा प्रयुक्त छुट्टिने स्थान, समय वा बिन्दु तथा कुनै वस्तुको स्रोत बनेर आउने नामिक पदलाई अपादान कारक भनिन्छ (अधिकारी, २०६७, पृ.२५२)। डोट्याली भाषामा अपादान कारकको अभिव्यक्तिका लागि *है, बठ्यै, बटा है* जस्ता विभक्तिहरूको प्रयोग हुन्छ। जसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ। जस्तैः

**तालिका नं. ५**

| डोट्याली | नेपाली |
|---|---|
| रुखहै पात झड्यो। | रुखबाट पात झऱ्यो। |
| घरबठ्यै कब आया हौ ? | घरबाट कहिले आउनुभएको हो ? |
| पोरुबटा है भौत जाडी बडिरैछ। | अस्तिबाट धेरै जाडो बढेको छ। |

माथिको पहिलो उदाहरणका *रुख* नामिक पदमा जोडिएको *है* ले छुट्टिने बिन्दु बुझाएको छ। त्यस्तै दोस्रो उदाहरणमा *घर* नामिक पदमा जोडिएको *बठ्यै* ले छुट्टिने स्थान बुझाएको छ भने तेस्रो उदाहरणमा *पोरु*

समय बोधक क्रियाविशेषणमा जोडिएको *बटा है* ले छुट्टिने समयलाई सङ्केत गरेको छ । यसरी यी सबै विभक्तिहरूले अपादान कारकको अभिव्यक्ति दिएकाले यी पञ्चमी विभक्ति हुन् ।

**अधिकरण कारक र सप्तमी विभक्ति**

वाक्यमा कर्ताले क्रियाले भनेको कार्यव्यापार सम्पन्न गर्दा स्थानिय तथा कालिक आधार हुने नामिक पदलाई अधिकरण कारक भनिन्छ (अधिकारी, २०६७, पृ.२५३) । डोट्याली भाषामा अधिकरण कारकको अभिव्यक्तिका लागि *मि⁄मै⁄माइ, मणि⁄मणा* जस्ता विभक्तिहरूको प्रयोग भएको पाइन्छ । जसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ । जस्तै :

**तालिका नं. ६**

| डोट्याली | नेपाली |
|---|---|
| खेतमि⁄मै⁄माइ बल्ल छ । | खेतमा गोरु छ । |
| घरमणि⁄मणा सबै निकाइ छन् । | घरमा सबै ठिकै छन् । |

पहिलो उदाहरणमा *खेत* शब्दमा जोडिएको *मि⁄मै⁄माइ* र दोस्रो उदाहरणमा *घर* शब्दमा जोडिएको *मणि⁄'मणा* ले आधारको सङ्केत गरेकाले यी सप्तमी विभक्ति हुन् ।

**भेदक र षष्ठी विभक्ति**

वाक्यमा प्रयुक्त नामिक पदसँगको सम्बन्ध वा त्यस माथिको स्वामित्व बुझाउने शब्दलाई भेदक भनिन्छ (भट्टः, २०७२, पृ.६२) । डोट्याली भाषामा भेदकको निर्माण नामिक पदमा *को⁄का⁄की, ओ⁄आ⁄इ, रो⁄रा⁄री, नो⁄ना⁄नी* विभक्ति जोडेपछि हुन्छ । जसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ । जस्तैः

**तालिका नं. ७**

| डोट्याली | नेपाली |
|---|---|
| उइको चेलो | उसको छोरो |
| सबैका दुःख | सबैका दुःख |
| रामो चेलो | रामको छोरो |
| देवाः बा | देवका बुवा |
| उनरा किताब | उनका किताब |
| हमरो क्याम्पस | हाम्रो क्याम्पस |
| उनरी कुरडी | उनको कुरा |
| आफनो देश | आफ्नो देश |
| आफना मान्स | आफ्ना मानिस |

माथिको उदाहरणमा *उइ* मा जोडिएको *को,* सबैमा जोडिएको *का, राम* मा जोडिएको *ओ, देव* मा जोडिएको *आः, उन* मा जोडिएको *रा, हाम* मा जोडिएको *रो, उन* मा जोडिएको *री* अनि *आफू* मा जोडिएको *नो* तथा

*ना* ले ती शब्दलाई भेदक बनाएर तिनको भेद्यसँग सम्बन्ध तथा स्वामित्व स्थापित गरेकाले ती षष्ठी विभक्ति हुन् ।

**डोट्याली भाषामा विभक्तिको संख्या**

वाक्यमा प्रयुक्त नामिक पदको क्रियापदसँगको कारकीय सम्बन्ध तथा नामिक पदको नामिक पदसँगको भेदकीय सम्बन्धलाई आधार मानी गरिएको डोट्याली भाषाका विभक्तिहरूको अध्ययनबाट डोट्याली भाषाका विभक्तिहरूलाई अर्थगत सम्बन्धका आधारमा सात भागमा वर्गीकरण गर्न सकिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं. ८**

| विभक्ति | विभक्ति चिन्ह (प्रत्यय) |
|---|---|
| प्रथमा | ले |
| द्वितीया | लाई, कि, खि |
| तृतीया | ले, बठ्यै |
| चतुर्थी | कि/खि लाई, कि/खि लेखाँ/ल्या, कि/खि निम्ति/निउति |
| पञ्चमी | है, बठ्यै, बटा है |
| षष्ठी | को, का, की, ओ, आ, ऐ, रो, रा, री, नो, ना, नि |
| सप्तमी | मि, माइ, मै, माणी, मणा |

यसरी डोट्याली भाषामा पनि अन्य समपारिवारिक भाषामा झैँ सात प्रकारका विभक्तिहरू रहेका र तिनका लागि माथि उल्लेख गरिए अनुसारका विभक्ति चिन्हहरू प्रयोग हुने गरेको पाइन्छ ।

**डोट्याली भाषाका विभक्तिको वर्गीकरण**

डोट्याली भाषाका विभक्तिलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । वाक्यमा प्रयुक्त विभक्ति जोडिएको शब्दको क्रियापदसँगको प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध, नामिक पदमा विभक्ति जोडिएर भेदक विभक्ति बनेपछि त्यसमा भेद्यको लिङ्ग, वचन र आदरका कारणले पर्ने प्रभाव र विभक्तिको संरचना अर्थात् बनोटलाई आधार मानेर विभक्तिलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

**क्रियासँगको सम्बन्धका आधारमा विभक्तिको वर्गीकरण**

वाक्यमा प्रयुक्त क्रियापद र विभक्ति युक्त पदका बिचको सम्बन्ध प्रत्यक्ष छ कि अप्रत्यक्ष छ भन्ने आधारमा विभक्तिलाई कारकीय र सम्बन्धी गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

**कारकीय विभक्ति**

वाक्यमा प्रयुक्त विभक्तियुक्त पदको क्रिया पदसँग प्रत्यक्ष सम्बन्ध भएमा त्यस्तो विभक्तिलाई कारकीय विभक्ति भनिन्छ । जसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ :

चेलाले ब्वारीलाई भितरबठ्यै खलामि बोलायो ।

यस वाक्यमा प्रयुक्त विभक्तियुक्त सबै नामिक पदहरूको क्रिया पदसँग सोझो सम्बन्ध छ । जस्तै :

चेलाले बोलायो । ब्वारीलाई बोलायो । भितरबठ्यै बोलायो । खलामि बोलायो ।

यहाँ *ले, लाई, बाठ्यै, मि* आदि विभक्ति जोडिएका नामिक पद र त्यस वाक्यको क्रियापदका बिचमा सोझो सम्बन्ध छ । त्यसैले *ले, लाई, बाठ्यै, मि* जस्ता विभक्तिहरू कारकीय विभक्ति हुन् । तलको तालिकामा प्रस्तुत विभक्तिहरू कारकीय विभक्ति हुन् ।

**तालिका नं. ९**

| विभक्ति | विभक्ति चिन्ह (प्रत्यय) |
|---|---|
| प्रथमा | ले |
| द्वितीया | लाई, कि, खि |
| तृतीया | ले, बठ्यै |
| चतुर्थी | कि/खि लाई, कि/खि लेखाँ/ल्या, कि/खि निम्ति/निउति |
| पञ्चमी | है, बठ्यै, बटा है |
| सप्तमी | मि, माइ, मै, माणि, मणा |

**सम्बन्धवाची विभक्ति**

वाक्यमा प्रयुक्त विभक्तियुक्त नामिक पदको क्रियापदसँग प्रत्यक्ष सम्बन्ध नभएर अर्को विभक्तियुक्त नामिक पदका माध्यमबाट क्रियापदसँग सम्बन्ध कायम हुन्छ भने त्यस्ता विभक्तिलाई सम्बन्धवाची विभक्ति भनिन्छ । जसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ :

चेलाले ब्वारीलाई उइका माइतबठ्यै आफ्ना घरमी बोलायो ।

यस वाक्यमा प्रयुक्त विभक्तियुक्त सबै नामिक पदहरूको क्रियापदसँग सोझो सम्बन्ध छैन् । जस्तैः

चेलाले बोलायो । ब्वारीलाई बोलायो । उइका बोलायो । माइतबठ्यै बोलायो । आफना बोलायो । घरमी बोलायो ।

यस वाक्यमा *उ* सर्वनाममा *का* विभक्ति लागेर बनेको *उइका* शब्द र *आफ* सर्वनाममा *ना* विभक्ति लागेर बनेको *आफना* शब्दको क्रियापदसँग सोझो सम्बन्ध छैन् । भेदक विशेषणका रूपमा वाक्यमा प्रयुक्त यी पदहरूमा *उइका* शब्दको प्रत्यक्ष सम्बन्ध *माइतबठ्यै* शब्दसँग छ र *आफना* शब्दको प्रत्यक्ष सम्बन्ध *घरमी* शब्दसँग छ र ती शब्दहरू दोस्रो शब्दका माध्यमले क्रियापदसँग जोडिएका छन् । यसरी जुन विभक्ति जोडिँदा वाक्यमा प्रयुक्त नामिक पदको क्रियापदसँग प्रत्यक्ष सम्बन्ध स्थापित नभएर नामिक पदसँग हुन्छ । त्यस्ता विभक्तिलाई सम्बन्धवाची विभक्ति भनिन्छ ।

सम्बन्धवाची विभक्तिहरू यसप्रकार छन् :

**तालिका नं. १०**

| | |
|---|---|
| षष्ठी | को, का, की, ओ, आ, ऐ, रो, रा, री, नो, ना, नी |

**रूपायनका आधारमा विभक्तिको वर्गीकरण**

सामान्यतया विभक्तिले शब्दलाई रूपायित गरेर वाक्यमा प्रयोग योग्य पदमा परिणत गर्दछ । त्यसरी नामिक पदमा जोडिने केही विभक्तिहरू लिङ्ग, वचन, आदर जस्ता व्याकरणिक कोटिबाट प्रभावित हुन्छन्

भने केही प्रभावित हुँदैनन् । यसरी लिङ्ग, वचन, आदरबाट प्रभावित हुने विभक्तिलाई रूपायित र प्रभावित नहुने विभक्तिलाई अरूपायित गरी दुई भागमा बाँड्न सकिन्छ ।

**क.रूपायित विभक्ति**

नामिक पदमा विभक्ति जोडिएर भेदक विशेषण बनेपछि त्यसको रूपमा भेद्यको लिङ्ग, वचन, आदरका कारणले परिवर्तन आउँछ भने त्यस्ता विभक्तिलाई रूपायित विभक्ति भनिन्छ । जसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ :

१.रामोः चेलो (राम ं ओः)

रामै चेली (राम ं ऐ)

२. रामोः चेलो (राम ं ओः)

रामाः चेला (राम ं आः)

माथिको उदाहरण नं. १ मा भेद्य पुलिङ्गी हुँदा *ओः* र स्त्री लिङ्गी हुँदा *ऐ* विभक्तिको प्रयोग भएको छ भने उदाहरण नं. २ मा भेद्य एकवचन हुँदा *ओः* र भेद्य बहुवचन हुँदा *आः* विभक्तिको प्रयोग भएको छ ।

यसरी भेद्यको लिङ्ग, वचन, आदर अनुसार रूप परिवर्तन हुने *को, का, की, ओः, आः, ऐ, रो, रा, री, नो, ना, नी* रूपायित विभक्ति हुन् ।

**ख.अरूपायित विभक्ति**

जुन विभक्तिहरू लिङ्ग, वचन, आदर आदिका कारणले रूपान्तरित हुँदैनन् । त्यस्ता विभक्तिलाई अरूपायित विभक्ति भनिन्छ । जस्तै :

रामले राधालाई हाण्यो ।

रामले देवलाई हाण्यो ।

माथि उदाहरणमा आएका *ले, लाई* विभक्तिहरूमा लिङ्ग, वचन, आदरका कारण कुनै परिवर्तन आएको छैन ।

यसरी लिङ्ग, वचन, आदर अनुसार रूप परिवर्तन नहुने *ले, लाई, कि/खि, लेखाँ/ल्या, निम्ति/निउति, है, बठ्यै, बटा है, मि, माइ, मै, माणि, मणा* आदि अरूपायित विभक्ति हुन् ।

**संरचनाका आधारमा विभक्तिको वर्गीकरण**

विभक्तिका रूपमा प्रयोग हुने भाषिक एकाइको संरचना कस्तो छ भन्ने आधारमा पनि विभक्तिको वर्गीकरण गर्न सकिन्छ । यस आधारमा विभक्तिलाई सरल र जटिल गरी दुई भागमा बाँड्न सकिन्छ ।

**सरल विभक्ति**

एउटा मात्र रूपबाट बनेका विभक्तिलाई सरल विभक्ति भनिन्छ ।

डोट्याली भाषामा प्रयोग हुने विभक्तिमध्ये केही एउटा मात्र रूपबाट बनेका छन् । जुन यसप्रकार छन् :

*ले, लाई, कि/खि, है, बठ्यै, मि, माइ, मै, माणि, मणा, ओः, आः, ऐ* आदि सरल विभक्ति हुन् ।

**जटिल विभक्ति**

एक भन्दा बढी रूप मिलेर बनेका विभक्तिहरू जटिल विभक्ति हुन् ।
डोट्याली भाषामा प्रयोग हुने विभक्तिहरूमध्ये केही एकभन्दा बढी रूपबाट पनि बनेका छन् । जुन यसप्रकार छन्:
*को, का, की, रो, रा, री, नो, ना, नी, खि लेखाँ, कि ल्या, कि निम्ति, बटा है,* आदि जटिल विभक्ति हुन् ।

## निष्कर्ष

डोट्याली भाषाको आफ्नै किसिमको मौलिक व्याकरणव्यवस्था छ । यो भाषा संस्कृत भाषाबाट विकसित भएको हुनाले यसको व्याकरणव्यवस्था केही मात्रामा संस्कृतको व्याकरण व्यवस्थाबाट पनि प्रभावित छ । विभक्तिको अध्ययन गर्दा कारकका सापेक्षतामा गर्नुपर्ने हुन्छ । संस्कृत भाषा र डोट्याली भाषाको कारक व्यवस्थामा अधिकतम समानता रहेको पाइन्छ । कारक व्यवस्थामा पाइने समानताका कारण विभक्ति व्यवस्थामा पनि समानता रहेको पाइन्छ । संस्कृत भाषा र नेपाली भाषामा प्रथमादेखि सप्तमीसम्म सात प्रकारका विभक्ति रहे झैँ डोट्यालीमा पनि सात प्रकारकै विभक्तिहरू रहेका छन् तर ती विभक्तिका लागि प्रयोग हुने प्रत्यय (चिन्ह) केही नेपाली भाषासँग मिल्ने भए पनि अधिकांश प्रत्ययहरू मौलिक छन् । डोट्याली भाषाका विभक्ति र तिनका लागि प्रयोगमा आउने प्रत्ययहरूलाई तलको तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका नं. ११**

| विभक्ति | विभक्ति चिन्ह (प्रत्यय) |
|---|---|
| प्रथमा | ले |
| द्वितीया | लाइ, कि, खि |
| तृतीया | ले, बठ्यै |
| चतुर्थी | कि/खि लाइ, कि/खि लेखाँ/ल्या, कि/खि निम्ति/निउति |
| पञ्चमी | है, बठ्यै, बटा है |
| षष्ठी | को, का, की, ओ, आ, ऐ, रो, रा, री, नो, ना, नी |
| सप्तमी | मि, माइ, मै, मणि, मणा |

यसरी डोट्याली भाषाका विभक्तिहरू नेपाली भाषामा प्रयुक्त हुने विभक्तिहरूभन्दा नितान्त भिन्न ढङ्गले प्रयोग भएका देखिन्छन् ।

**सन्दर्भ ग्रन्थ सूची**


अधिकारी, हेमाङ्गराज (२०४६), *नेपाली कारकीय व्यवस्थाको अध्ययन,* विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. कीर्तिपुर ।

... (२०५७), *समसामयिक नेपाली व्याकरण,* (दो.सं.), विद्यार्थी प्रकाशन ।

... (२०६८), *प्रयोगात्मक नेपाली व्याकरण* (चौ.सं.), साझा प्रकाशन ।

अवस्थी, महादेव (२०४०), *बैतडेली नेपाली भाषिकाको अधिकरण कारकका भेद र तिनका प्रत्यय,* वाङ्मय ३, (३).पृ. १-५) ।

आचार्य, व्रतराज (२०४८), *हाम्रो भाषा,* लेखक स्वयम् ।

खनाल, चक्रपाणी (२०३६), *डोट्याली भाषिकाको वर्णविश्लेषण र अर्थसहित शब्दसङ्कलन,* एम.ए. शोधपत्र, त्रि. वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

चटौत, आर.डी.प्रभास (२०५८), *डोट्याली बृहत् शब्दकोश,* बेलु विश्वस्मृति प्रतिष्ठान ।

जोशी, खगेन्द्र (२०६८), डोट्याली भाषाको अवस्था र मानकीकरणको आवश्यकता, *सङ्गम अङ्क ९,* महेन्द्रनगर : महाकाली साहित्य सङ्गम ।

... (२०६८), नेपाली र डोट्यालीको तुलनात्मक अध्ययन, *अन्वेषण अङ्क 1,* महेन्द्रनगर : सिद्धनाथ बहुमुखी क्याम्पस ।

ज्ञवाली, सूर्यविक्रम (१९९०), *नेपाली भाषाको सङ्क्षिप्त इतिहास,* नेपाली साहित्य सम्मेलन ।

ढकाल, शान्तिप्रसाद (२०७०), *सामान्य भाषाविज्ञान,* शुभकामना प्रकाशन प्रा. लि. ।

पन्त, श्रीधर (२०६८), *डोट्याली व्याकरण,* तारादेवी पन्त ।

भट्ट, मोहनप्रसाद (२०७२), *डडेल्धुरेली भाषामा व्याकरणात्मक कोटिको अध्ययन,* लघु अनुसन्धान शोधपत्र त्रि.वि. कीर्तिपुर ।

यादव, योगेन्द्रप्रसाद (२०५८), *भाषाविज्ञान,* न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, देवराज (२०६१), *डोट्याली मूलभाषाको विवेचना अर्थात् पहाडी व्याकरण,* स्वयम् ।

शर्मा, मोहनराज (२०५९), *शब्दरचना र वर्णविन्यास,* नवीन प्रकाशन ।



**To Cite this Article [APA Style, 7th Edition]:**

जोशी, खगेन्द्र (2024). डोट्याली भाषाका विभक्तिको पहिचान र वर्गीकरण. *Journal of Durgalaxmi*, *3*(1), 306–319. https://doi.org/10.3126/jdl.v3i1.73857